# स्थानीय राजपत्र

खण्डः २ कीर्तिपुर, बैशााख २५ गते, २०७६ साल संख्या १६

**भाग-२**

**कीर्तिपुर नगरपालिका**


**संवत २०७६ सालको निर्देशिका नं. १६**

## कीर्तिपुर नगरपालिका क्षेत्रका सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन निर्देशिका – २०७५

**प्रस्तावना :-** कीर्तिपुर नगरपालिकाले नेपालको संविधान २०७२ तथा स्थानिय संरकार संचालन ऐन २०७४ को दफा १०२ मा भएको व्यवस्था बमोजिम नगर क्षेत्र भित्र रहेका सार्वजनिक जग्गा र सो जग्गामा बनेका सामुदायिक भवन, पाटी पौवा एवं अन्य सार्वजानिक सम्पत्तिलाई कानून बमोजिम संरक्षण तथा व्यवस्थापन गर्दा अपनाउनु पर्ने विधि तयार गरी स्पष्टता, एक रुपता एव पारदर्शिता कायम गर्नु वाञ्छनीय भएकोले कीर्तिपुर नगरपालिका नगर कार्य पालिकाले यो सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन निर्देशिका २०७५ बनाई जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस निर्देशिकाको नाम कीर्तिपुर नगरपालिका क्षेत्रका सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापन निर्देशिका २०७५ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्ररिभाषा :-** विषय वा प्रसँगको अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "सार्वजनिक सम्पत्ति " भन्नाले ऐन नियम तथा निर्देशिका वमोजिम कीर्तिपुर नगरपालिकाको सिमानाभित्र रहेका सार्वजनिक जग्गा, चरन, पोखरी, ढल, नाला, पुल पोखरी, धार्मिक स्थल, पाटी, पौवा, सार्वजानिक भवन, कुवा, धारा, इनार, गैाचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, वाटो, वगैचा, पार्क उद्यान, एवं अन्य संरचना समेतलाई जनाउनेछ ।

(ख) "नगरपालिका" भन्नाले कीर्तिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

(ग) "नगर कार्यपालिका" भन्नाले कीर्तिपुर नगरपालिकामा निर्वाचित भएका वा मनोनयन भएका नगरपालिकाका प्रमुख, उप प्रमुख र वडा अध्यक्षलाई जनाउने छ ।

(घ) "निर्णय" भन्नाले नगरपालिका नगर कार्यपालिकाको बहुमतको निर्णयलाई जनाउँदछ ।

(ङ) "प्राकृतिक व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति विशेष सम्झनु पर्छ

(च) "कार्यालय" भन्नाले कीर्तिपुर नगरकार्यपालिका कार्यालयलाई जनाउनेछ ।

(छ) "सम्पदा" भन्नाले राष्ट्रिय सम्पदा समेतलाई जनाउँदछ ।

३. **सार्वजनिक सम्पत्तिको सरक्षण गर्ने :-** (१) कीर्तिपुर नगरपालिकाले नगर क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत संभार, प्रयोग एवं अन्य प्रबन्ध गरी संरक्षण तथा व्यवस्थापन गर्न सक्नेछ ।

४. **सार्वजानीक जग्गा ,सामुदायिक भवन भाडामा दिने :-** (१) किर्तिपुर नगरपालिका क्षेत्रभित्र रहेका सार्वजानिक जग्गा र सामुदायिक भवन एवं अन्य संरचनाको उचित संरक्षण र सम्बन्धन गरी नगरपालिका आफैले भाडामा लगाउने वा अन्य तरिकाले त्यसको उपयोगको प्रवन्ध गर्न सक्नेछ ।

(२) उपदफा १ वमोजिम नगर क्षेत्रभित्र रहेको सार्वजानिक जग्गा एवं सामुदायिक भवन तथा अन्य संरचनाहरु संरक्षण तथा उपयोग गर्ने सन्दर्भमा भाडामा दिँदा आवश्यक सम्झौता गरी सार्वजानिक सम्पत्तिको दुरुपयोग नहुने गरी दिनु पर्नेछ ।

(३) प्रस्तुत निर्देशिका जारी हुँदाका वखत किर्तिपुर नगरपालिका क्षेत्रभित्र रहेका सार्वजानीक सम्पत्तिमाथि व्यक्ति विशेषले अनधिकृत उपयोग गरी आएको भए नगरपालिकाले निश्चित समय तोकि यस निर्देशिका वमोजिम नगरपालिकासंग सहमति गर्न गराउन आवस्यक प्रबन्ध गराउन सक्नेछ ।

५. **सम्पदाको संरक्षण तथा व्यवस्थापन :-** नेपाल सरकारको स्वामित्वमा रहेको सम्पदाको संरक्षण गरी त्यस्तो सम्पदाको जानकारी वा अवलोकन गर्न आएका स्वदेशी तथा विदेशी पर्यटकहरुलाई तोकिए वमोजिम दस्तुर लिई घुमफिर गर्ने व्यवस्था गर्न सक्नेछ ।

६. **सार्वजनिक सम्पत्तिको विवरण संकलन गर्नुपर्ने :-** कीर्तिपुर नगरपालिका क्षेत्रभित्र रहेका सार्वजीनक जग्गा, सामुदायिक भवन, सम्पदा लगाएतका सार्वजनिक सम्पत्तिको विवरण संकलन गरी व्यवीस्थत गर्नु पर्नेछ ।

७. **दस्तुर निर्धारण गर्न सक्ने** : कीर्तिपुर नगरपालिका क्षेत्रभित्रका सार्वजनिक सम्पत्तिको प्रयोग र उपयोग सम्वन्धमा आवस्यक दस्तुर एवं भाडा दर निर्धारण गर्न सक्नेछ ।

८. **सार्वजनिक सम्पत्तिको अनधिकृत उपयोग गर्न नहुने :** (१) किर्तिपुर नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनीक सम्पत्ति कसैले पनि अनधिकृत रुपमा प्रयोग गर्न वा मास्न वा नास्न पाइने छैन ।

(२) उपदफा १ विपरित कसैले सार्वजानिक जग्गा, भवन, पोखरी, ताल दह, चरण आदि सार्वजनिक सम्पत्ति अतिक्रमण वा भोग गर्ने वा नास्ने मास्ने गरेको ठहरिएमा त्यस्तो अतिक्रमण एवं उपभोगलाई तत्काल हटाई नगरपालिका स्वयंले सम्वन्धीत व्यक्तिलाई आवस्यक कारवाही तथा जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा ३ वमोजिम सार्वजनिक सम्पत्तिको अनधिकृत उपयोगलाइ हटाउदा वा संरचना भत्काउदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

९. **मापदण्ड निर्माण गर्न सक्ने** : सार्वजनिक जग्गा, चरन, पोखरी, ढल, नाला, पुल पोखरी, धार्मिक स्थल, पाटी, पौवा, सार्वजानिक भवन, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, वाटो, वगैचा, पार्क उद्यान क्षेत्रमा निजी भवन तथा अन्य पक्की संरचना निर्माण गर्दा नगरपालिकाले मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

१०. **पुनरावेदन :** यस निर्देशिका बमोजिम नगरपालिकाको आदेश वा निर्णयमा चित्त नबुझेमा ३५ दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**११. प्रचलित कानून बमोजिम हुने**ः यस निर्देशिकामा उल्लेख भएका प्रावधानहरू यसै निर्देशिका बमोजिम हुने र यसमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. बाधा अड्काउ फुकाउ**ः यस निर्देशिका कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१३. संशोधन तथा खारेजीः** यो निर्देशिकाको संशोधन वा कुनै नियम खारेजी गर्नु परेमा कार्यपालिकाले निर्णय गरी आवश्यक संशोधन गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः- २०७६/०१/२५

आज्ञाले
(ध्रुवराज आचार्य)
प्रमुख प्रशासकीय अधिकृत